जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक




वर्ष ३२ अंक १८१ २०७९ साल फागुन ४ गते बिहीबार (16 Feb. 2023 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली राजनीतिको सात दशक.. ३ पृष्ठमा : टर्कीए भूकम्पबाट ४१ हजारभन्दा ... ३ पृष्ठमाटर्कीए भूकम्पबाट पाँच सय..

## एक महिनामा ६७ फरार प्रतिवादी पक्राउ

## परिक्षा सम्बन्धी मुद्दामा ३० हजार जरिवाना तोकिएका इसर पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

सप्तरी प्रहरीले एक महिनाको अवधीमा अदालतबाट जरिवाना र कैद सजाय तोकिएपछी फैसला कार्यान्वयन गर्ने क्रममा फरार रहेका ६७ जना अभियुक्तहरुलाई पक्राउ गरेको छ ।

बुधबार प्रहरीले परिक्षा सम्बन्धी मुद्दा शिर्षकमा जिल्लाको रुपनी गाउँपालिकाका अनिल कुमार ईसरलाई पक्राउ गरेको छ । ईसरमाथी ३० हजार जरिवानाको अदालतले तोकेको थियो ।

यस्तै प्रहरीले दुई दिनमा तीन महिला सहित विभिन्न अभियोगका १६ जनालाई प्रहरीले पक्राउ समेत गरेको जनाएको छ ।

पक्राउ पर्नेहरुमा सर्वाधिक कुटपीट र गाली बेइज्जत मुद्दाका अभियुक्त छन । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार लागु औषध मुद्दामा सप्तरी जिल्ला अदालतबाट कैद सजाय तोकिएका पनि २ जना पक्राउ परेका छन् ।

उनका अनुसार लागु औषध मुद्दामा अदालतबाट १ वर्ष ४ महिना कैद सजाय तोकिएका सप्तरीको खडक नगरपालिका ३ का ज्योतिष कुमार चौधरी तथा ३ महिना ६ दिन कैद सजाय तोकिएका राजगढ गाउँपालिका १ का जितेन्द्र कुमार यादव गाउँघर मै लुकेको अवस्थामा पक्राउ परेका छन् ।

यस्तै गाली बेइज्जत मुद्दाका फरार प्रतिवादी कंचनरुप नगरपालिकाका मो.कासिम मियाँ, डाक्नेश्वरी नगरपालिका जागेश्वर साह, राजगढ गाउँपालिकाका महेन्द्र मुखिया र कुश्मी देवी मुखिया पक्राउ परेका छन् ।

कुटपिट मुद्दाका सडक नगरपालिकाका रामनाथ मण्डल, रामकुमार मण्डल, रामु मण्डल र इन्द्रजित मण्डल, शम्भुनाथ नगरपालिकाका महाविर साहु र डाक्नेश्वरी नगरपालिकाका अशोक साहु, लक्ष्मी प्रसाद साहु, जगतारणी देवी साह र रुकमणी देवी झा पनि पक्राउ परेका छन ।

विभिन्न ठाउँमा लुकेर वसेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो । उनीहरुबाट करिब ३५ हजार जरिवाना तथा १ वर्ष ७ महिना ६ दिन कैद असुल गरिने प्रहरीले जनाएको छ ।

मंगलवार पक्राउ परेका उनीहरुलाई बुधवार सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार जरिवाना गरिएकाहरुबाट जरिवाना रमक असुली प्रकृया सुरु गरिएको तथा कैदा सजाय तोकिएकाहरुलाई कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले बताए ।

## नेवि संघ र तरुण दलको नवगठित समिति विघटन गर्न भन्दै पत्राचार




**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

नेपाली काँग्रेस सप्तरीका जिल्ला सचिव प्रभुनारायण चौधरीसहित जिल्लाका चार मध्ये तीन क्षेत्रिय सभापतिसमेतले नवगठित नेवि संघ र तरुण दलको जिल्ला समिति विघटनको माग गर्दै पार्टीको केन्द्रिय समितिमा पत्रचार गरेका छन् ।

केही दिन अघि काँग्रेसका जिल्ला सभापति रामदेव साहले नेवि संघ र तरुण दलको नयाँ जिल्ला कार्यसमिति गठन गरिएको नामावलीसहित सार्वजनिक गरेपछि ती समिति कुनै पनि हालतमा स्वीकार्य नहुने भन्दै काँग्रेसको केन्द्रिय समितिलाई पत्राचार गरिएको बुधबार जारि विज्ञप्तिमा उल्लेख छ ।

क्षेत्र नं. १ का सभापति ललनप्रसाद गुप्ता, क्षेत्र नं. २ सभापति महानन्द प्रसाद यादव र क्षेत्र नं. ३ का सभापति भुपेन्द्र नारायण यादवसमेतको हस्ताक्षरतमा पठाइएको उक्त पत्रमा जिल्ला सभापति साहले पार्टी विधान विपरित उक्त निर्णय गरेको दाबी गर्दै नवगठित नेपाल विद्यार्थी संघ र नेपाल तरुण दलको जिल्ला कमिटि कुनै पनि हालतमा स्वीकार नगर्ने स्पष्ट पारेका छन् ।

नेपाली काँग्रेस मधेश प्रदेश, नेवि संघ र नेपाल तरुण दलको केन्द्रिय समितिलाई समेत बोदार्थ दिइएको उक्त पत्रमा जिल्ला कार्य समितिको बहुमतलाई पाखा लगाई सभापति साहले अल्पमतकै आधारमा आसेपासेलाई भातृ संगठनको नवगठित जिल्ला समितिमा राखेर एकलौटी र तानाशाही शैलीले निर्णय गरेको उल्लेख छ । सभापति साहको उक्त निर्णय पार्टीको विधी विधानको उलंघन मात्र नभई पार्टी संगठनलाई नै कमजोर बनाउने भन्दै पत्रमार्फत उक्त निर्णय अनुमोदन नगर्न केन्द्रिय समितिसँग माग गरिएको छ ।

पार्टी अहितमा गरिएको उक्त

*बाँकी अन्तिम पृष्ठमा*


## बाबुको हत्या गरि फरार छोरा तीन वर्षपछी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

आफ्नै बाबुको कुटेर हत्या गरि फरार रहेका छोरा तीन वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ का ३४ वर्षिय देव कुमार राम छन । मंगलवार गाउँ मै लुकीवसेको गोप्य सुचनाका आधारमा पुगेको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार २०७६ साल बैशाख १ गते राती जग्गा जमिन अंशको विवादमा उनले आफ्नै बावु ६५ वर्षिय जगदिश रामको हत्या गरेको अनुसन्धानको क्रममा खुलेको थियो ।

सप्तरी जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा म्याद थपी आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**बोलबम !**  **बोलबम !!**  **बोलबम !!!**

**यही मिति २०७९ साल फाल्गुन ६ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी व्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**
**श्री हरिनन्देश्वर महादेव मन्दिर**
**संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**


**तपाईकै सहर राजविराजमा**


आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### आत्महत्याका घटनालाई निरुत्साहित गर्नु जरुरी

सप्तरीमा आत्महत्याका घटना बढ्दै गएको छ । जिल्लामा आत्महत्याका एकपछि अर्को घटना ह्वातै बढ्न थालेका हुन् । पारिवारिक समस्या, व्यापारमा घाटा, ऋण कर्जा, वैदेशिक रोजगारी लगायतका अनेक समस्या कारणका आत्महत्याका घटनाहरु बढ्दै गएको प्रहरी तथ्याङ्कले देखाएको छ । यी समस्याका कारण कतिपयले मृत्यु नै अन्तिम विकल्प ठानेर आत्महत्या गरेको पाइएको छ । शिक्षामा असफलता, प्रेम सम्बन्ध, बेरोजगारी लगायतका कारणले पनि यस्तो बाटो रोज्ने गरेको पाइएको छ ।

जिल्लामा गत आ.व. २०७७/०७८ मा झुण्डिएर, विष सेवन गरेर र आगो लगाएर १ सय १५ जनाले ज्यान गुमाएका थिए भने २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्कले देखाउछ । यस्तै चालु आ.व. २०७९/०८० को हालसम्मको अवधिमा विषसेवन र झुण्डिएर ६० जनाले आत्महत्या गरेका छन् । जिल्लाको यी तथ्याङ्कलाई हेर्ने हो भने अवस्था भयाभक र डरलाग्दो छ । मृत्युलाई नै समस्यासँग संघर्ष गरेर अघि बढ्नु पर्ने अवस्थामा मृत्युलाई नै अन्तिम विकल्प ठान्ने मानसिकतामा परिवर्तन ल्याउनु पर्ने आवश्यकता रहेको छ ।

तसर्थ यस्ता मानसिकतामा परिवर्तन ल्याउनका लागि जनचेतनाका साथै स्थानिय सरकारले अभियान नै चलाउनु पर्ने हुन्छ । यसका लागि सम्पूर्ण क्षेत्रको सहयोग पनि उत्तिकै जरुरी छ । अनिमात्र आत्महत्याका घटनालाई निरुत्साहित गर्न सकिने अपेक्षा राख्न सक्छौं ।

# नेपाली राजनीतिको सात दशक : चुच्चे ढुङ्गो-छैन टुङ्गो

**जगत नेपाल**

काठमाडौँ, ३ फागुन (रासस) ।

नेपालका राजनीतिक दलहरूले अधिकारका लागि पटकपटक क्रान्ति गर्न र त्यसलाई सफल बनाउन सके । तर राजनीतिक परिवर्तनबमोजिम राज्य सत्ता सञ्चालन गर्नु र क्रान्तिको प्रतिफल आम जनतासम्म पुऱ्याउन उनीहरूका लागि सधैँ चुनौतीको विषय बनिरह्यो ।

विसं २००७ ले एक सय चारवर्षे राणाशासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गऱ्यो । तत्कालीन परिस्थिति, जनतामा शिक्षा र चेतनाको अभाव तथा सत्ता र शक्ति हत्याउने राजाको चरम महत्वाकाङ्क्षाका कारण १० वर्ष नपुग्दै २०१७ सालमा क्रान्तिका उपलब्धिमाथि कुठाराघात भयो । राजनीतिक दलहरूमाथि प्रतिबन्ध लाग्यो, जनताका प्रजातान्त्रिक अधिकार हरण गरिए, प्रेसमाथि कडा ‘सेन्सरशिप’ सुरु भयो । २०४६ सालको जनआन्दोलनले तीन दशक लामो पञ्चायती व्यवस्था अन्त्य गरी मुलुकमा प्रजातन्त्र पुनःस्थापना गऱ्यो ।

यो अवधिमा तीनवटा आमनिर्वाचन भए । दलहरूबीचको अस्वस्थ्य प्रतिस्पर्धा, असंसदीय क्रियाकलाप, सत्ताको हानाथाप, कुशासन, राजनीतिक नेतृत्वको इमान्दारिता र नैतिकतामा आएको ह्रासले जनतालाई निराश बनायो ।

त्यही अवसरको उपयोग गर्दै नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु गऱ्यो । यस क्रममा माओवादी र राज्य दुवै पक्षको चेपुवामा परेर १७ हजार निर्दोष नागरिकले अनाहकमा ज्यान गुमाउन बाध्य भए ।

संसदवादी दलप्रति जनता निराश भएको र माओवादी विद्रोह उत्कर्षमा रहेको मौका छोपेर राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा कार्यकारी अधिकार आफ्नो हातमा लिएर निरङ्कुश शासन प्रारम्भ गरे । प्रजातान्त्रिक अधिकारको उपभोग गरिरहेका जनता निरङ्कुशता स्वीकार्न किमार्थ तयार थिएनन् । दलहरूले जनतासामु आफ्ना विगतप्रति माफी माग्दै प्रजातन्त्रका लागि अन्तिमपटक जनआन्दोलन गर्ने घोषणा गरे ।

जनआन्दोलनका कमान्डर गिरिजाप्रसाद कोइरालाले भन्नुभएको थियो, “प्रजातन्त्रका लागि यो नै अन्तिम लडाइँ हुनेछ । त्यसपछिका दिनमा कुनै नागरिकले अधिकारका लागि भनेर आन्दोलन गर्नुपर्ने छैन । एकपटक प्रजातन्त्र स्थापना भएपछि राजनीतिक दलहरूको आन्दोलन विकास र समृद्धिका लागि हुनेछ ।”

जनताले दलहरूलाई साथ दिए । २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनले प्रतिनिधिसभा पुनर्स्थापना गरी जनताका अधिकार फिर्ता गर्न राजालाई बाध्य बनायो । पुनर्स्थापित संसद्बाट राजाका अधिकार कटौती गर्दै मुलुकले संविधानसभाको निर्वाचनको यात्रा तय गऱ्यो । नेपाली इतिहासमा पहिलोपटक निर्वाचित संविधानसभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गरी मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो । राजा ज्ञानेन्द्रको हठका कारण मुलुक गणतन्त्रमा गयो । संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ मा मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहित राजतन्त्र अन्त्यको घोषणा गर्दै बिना रक्तपात दुई सय ३८ वर्ष लामो शाहवंशीय राजतन्त्रलाई बिदा गरिदियो ।

**अबको बाटो**

विसं २०६३ अघि प्रजातन्त्र, मानवअधिकार र राजनीतिक स्थिरता मुलुकका प्रमुख मुद्दा थिए । यो अवधिमा २००४, २००७, २०१५, २०१९, २०४७ र २०६३ सालमा गरी छवटा संविधान लागू भए । यीमध्ये पहिलो राणा प्रधानमन्त्रीले दिएका थिए भने बाँकी पाँचवटा संविधान राजाबाट जारी भएका थिए । २००७ को राजा/प्रजाको संयुक्त प्रजातान्त्रिक आन्दोलनपछि अहिलेसम्म जारी भएका संविधानअनुसार राजनीतिक नेतृत्व चल्न सकेनन् । बरु त्यसपछिका हरेक दशक कसरी हातमा सत्ताको बागडोर लिने र शासन गर्ने भन्नेमै बिते ।

संविधानसभामार्फत आफ्नो संविधान आफैँ बनाउने जनताको चाहना २०७२ मा पूरा भएपछि मुलुकमा २०७४ र २०७९ साल गरी दुईवटा संसदीय निर्वाचन भइसकेको छ । अब अधिकारका लागि लडाइँ गर्ने युगको अन्त्य भइसकेको छ । संविधानले जनताका प्रजातान्त्रिक अधिकार सुनिश्चित गरिसकेको छ । आवश्यक परेका बेला जनप्रतिनिधिले संविधान संशोधन गर्न सक्ने प्रावधान संविधानमा छ । संविधानले जनतालाई सार्वभौम माने पनि त्यसको प्रयोग राजनीतिक दलका नेताहरूले गरिरहेका छन् । त्यो निर्णय प्रक्रियामा सही अर्थमा जनभावनाको प्रतिनिधित्व हुन सकेको छैन । क्रान्तिको युग अन्त्य भएसँगै राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, सुशासन, विकास र समृद्धिका पक्षमा राजनीतिक नेतृत्वबाट इमान्दार प्रयास होस् भन्ने नै आम चाहना छ ।

**चुनौती**

प्रजातन्त्रका लागि क्रान्ति गर्न, जनतालाई सडकमा उतार्न र विरोधीको कटु आलोचना गर्न नेपालका राजनीतिक दल र नेतृत्व सफल साबित भए पनि प्रजातान्त्रिक आचरण र व्यवहारको पालनामा पूर्णतः असफल देखिएको छ । जनप्रतिनिधिहरूको सर्वोच्च संस्था संसद् प्रभावकारी बन्न नसक्नु, राजनीतिक दलहरूबीचको भागबन्डाका आधारमा न्यायाधीशहरूको नियुक्ति गरी न्यायालयलाई कमजोर बनाइनुले न्याय क्षेत्र कमजोर बन्न पुगेको छ । संवैधानिक निकायहरूको नियुक्तिमा दलीय हस्तक्षेपले लोकतान्त्रिक अङ्गहरू कमजोर भएका छन् ।

नयाँ र समृद्ध नेपालको सपना बाँडिएकामा विकास, सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकार असफल साबित देखिएको छ । शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायातजस्ता जनताका आधारभूत आवश्यकतासमेत पूरा नहुँदा जनतामा नैराश्यता आउनु स्वाभाविक नै हो । अनि राष्ट्रको चौथो अङ्ग पत्रकारिताको विश्वसनीयता र भूमिकामाथि प्रश्न उठ्न थालेको छ । यी इत्यादि कारणले प्रजातान्त्रिक शासन व्यवस्थाप्रति जनतामा जुन भरोसा र विश्वास थियो, त्यसमा निराशा पैदा हुनु भनेको पक्कै पनि राम्रो सङ्केत होइन ।

**आगामी बाटो**

नेता त्यो हो जसले कार्यकर्ताका गलत कदम औँल्याएर उसलाई सही बाटोमा हिँडाउन सक्छ । नेता त्यो होइन, जो कार्यकर्ताका गलत काम औँल्याएर उसलाई दण्डित गरी आफू पानी माथिको ओभानो देखाउन चाहन्छ । २००७ सालयता दल र नेताहरूले आफ्नो राजनीतिको आधार विरोधलाई बनाउँदै आएका छन् ।

जनताको चेतना स्तर, विश्वव्यापी सम्पर्क, सूचना प्रविधिमा आएको क्रान्ति आदि कारण अब आश्वासन र विरोधकै भर रोटी सेक्ने प्रयास दल र नेतृत्वले गर्नु उनीहरूकै लागि दुर्भाग्यपूर्ण हुने निश्चित छ । नयाँ पुस्ता पहिला काम अनि मात्र विश्वासको तहमा पुग्दैछ । दल र नेतृत्वका लागि आश्वासन र प्रचार क्षणिक अस्त्र भए पनि जनताको मन जित्न पहिला काम अनि सिद्धान्त बमोजिमको आचरण र व्यवहार प्रदर्शन गर्नुबाहेक अर्को विकल्प छैन ।

खासगरी नयाँ पुस्तामा राजनीतिप्रति देखिएको विचलन, अविश्वास र अनास्थाले भोलि मुलुकलाई कतातिर लैजाँदैछ भन्ने विषय महत्वपूर्ण बनेको छ । वर्षौं दुःखकष्ट सहेर राजनीति गरेका दल र तिनका नेताहरू बिस्तारै अलोकप्रिय बन्ने र क्षणिक सस्तो प्रचारसहित नयाँ बहाव ल्याउन सकेका दलहरूप्रति आकर्षण बढ्ने गरेको जुन अवस्था छ, त्यसले मुलुकलाई कता पुऱ्याउँछ भन्ने प्रश्न उब्जिएको छ । *(लेखक प्राध्यापन र पत्रकारिता क्षेत्रमा क्रियाशील हुनुहुन्छ)*

# चितवन-२ मा चैत २० गते उम्मेदवारी दर्ता

चितवन, ३ फागुन (रासस) ।

चितवन क्षेत्र नं २ मा आगामी वैशाख १० मा हुने उपनिर्वाचनका लागि चैत २० गते मनोनयनको कार्यतालिका सार्वजनिक गरिएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार चैत २१ मा उम्मेदवारको विरोधमा उजुरी, २२ मा मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गरिने भएको छ ।

यस्तै २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ ।आयोगले निर्वाचन तालिका अगावै मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्न निर्वाचन कार्यालयलाई परिपत्र समेत गरेको कार्यालयका सूचना अधिकारी अमबहादुर पुर्जाले जानकारी दिनुभयो ।

अहिले कार्यालयले नामावली अद्यावधिकको काम गरिरहेको छ । फागुन १ देखि चैत १६ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिने छ । गत मङ्सिर ४ मा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यस क्षेत्रबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# टर्कीए भूकम्पबाट ४१ हजारभन्दा बढीको मृत्यु

इस्तानबुल, ३ फागुन (रासस/एएफपी)।

टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा गत माघ २३ गतेको भूकम्पमा परी ४१ हजारभन्दा बढीको मृत्यु भएको छभने दशौं हजार घाइते भएका छन्। दुवै देशमा हजारौं घरबारविहीन भएका छन्।

खोज तथा उद्धारमा संलग्न सरकारी अधिकारीहरूका अनुसार टर्कीएमा ३५ हजार चार सय १८ जना तथा सिरियामा पाँच हजार आठ सय जनाको मृत्यु भएको छ। टर्कीएमा आठ हजारभन्दा बढीलाई भग्नावशेषबाट उद्धार गरिएको छ।

सिरियामा ५३ लाख मानिस घरबारविहीन भएका छन्। टर्कीएमा दुई सय १५ भन्दा बढी परकम्प महसुस भएको छ। टर्कीएमा ४६ लाख तथा सिरियामा २५ लाख बालबालिका भूकम्पबाट प्रभावित भएका छन्।

टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्यागिनच्युडको भूकम्प र त्यसको केही क्षणपछिको भएको त्यति नै शक्तिशाली अर्को परकम्पबाट टर्कीएका दश वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ। छिमेकी सिरियामा पनि जनधनको व्यापक क्षति भएको छ।

भैंचालोले भत्काएको भवनको भग्नावशेषबाट जीवितै उद्धार गर्न टर्कीएमा उद्धारकर्मी अझै सङ्घर्ष गरिरहेका छन् भने भूकम्पको एक सय २०५ घण्टापछि एक महिलासहित नौ जनालाई जीवितै उद्धार गरिएको छ। टर्कीएका राष्ट्रपति तैयेप एर्दोगानले भूकम्पका प्रारम्भिक दिनमा समस्या भए पनि अब परिस्थिति नियन्त्रणमा आएको बताउनुभएको छ।

राष्ट्रिय टेलिभिजनबाट वक्तव्य जारी गर्दै उहाँले मानव इतिहासमा सबैभन्दा त्रासदीपूर्ण प्राकृतिक विपत्तिको चपेटामा आफ्नो देश परेको बताउनुभएको छ।

आवास र खानेकुराको व्यवस्था दुवै देशका निम्ति चुनौती बनेको छ। टर्कीए सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कैयौं निर्माण व्यवसायीलाई पक्राउ गरेको छ। अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन्। भवन संहिता कडाइका साथ कार्यान्वयन गर्न सरकारले सम्बद्ध निकायलाई निर्देशन दिएको छ।

टर्कीएको तुलनामा सिरियाको स्थित दयनीय बनेको संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले बताएका छन्। युरोपका लागि विश्व स्वास्थ्य सङ्गठनका प्रमुखले दुवै देशका करिब दुई करोड २६ लाख भूकम्प पीडितलाई तत्काल मानवीय सहायता आवश्यक भएको बताएका छन्। प्रतिकूल मौसम, स्वास्थ्य तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा सङ्क्रामक रोगको जोखिम बढेको छ।

विद्रोहीको पकड रहेको उत्तरपश्चिमी सिरियामा उद्धारका काम समाप्त भएको जनाउँदै स्यम्सेवी संस्थाहरूले लामो गृहयुद्धका कारण त्यहाँ राहतका कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको बताएका छन्। सिरिया सरकारले विद्रोही नियन्त्रित क्षेत्रमा राहतका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको छ।

सिरियाका भूकम्प पीडितले आफूहरूलाई मार्न वा आफ्ना घर फर्काउन माग गरेका छन्। गृहयुद्धका कारण आफ्नै भूमिमा शरणार्थी बनेका उनीहरूले सिरिया सरकारसँग घरफिर्तीको माग गरेका हुन्।

संयुक्त राष्ट्रसङ्घले आगामी तीन महिनासम्म सिरियामा मानवीय सहायताका कार्यक्रम सञ्चालन गर्न ३९ करोड ७० लाख अमेरिकी डलर आवश्यक परेको जनाउँदै अन्तर्राष्ट्रिय समुदायसँग नगद सहयोग गर्न अपील गरेको छ।

महासचिव एन्टोनियो गुटेरसले टर्कीएका लागि पनि सहयोग जुटाउन विश्व समुदायसमक्ष आग्रह गर्नुभएको छ। टर्कीएको रेडक्रिसेन्टले आगामी डेढ वर्षसम्म क्षतविक्षत टर्कीएमा सहायता परिचालन गर्नुपर्ने आवश्यकता रहेको बताएको छ।

यसैबीच, दश वटा अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले पठाएका मानवीय सहायता सामग्री बोकेका मालवाहक ट्रक सिरिया पुगेका छन्।

एल साल्भाडोर, जर्मनी, मेक्सिको, कतार, दक्षिण कोरिया, स्विटजरल्याण्ड, युक्रेन र अमेरिकाबाट उद्धारकर्ताले ल्याएका तालिम प्राप्त कुकुरको सहयोगमा भूकम्पको एक सातापछि पनि भग्नावशेषबाट मानिसलाई जीवित उद्धार गर्न सफलता प्राप्त भएको खोज तथा उद्धारमा संलग्न स्वयम्सेवकहरूले बताएका छन्।

लागू औषध नियन्त्रण, सुरक्षा कारबाही र दैवी विपत्तिका बेला सहयोग गर्न विशेष रुपमा तालिम दिइएका कुकुर टर्कीए र सिरियाका भूकम्पले भत्काएका घरका भग्नावशेषबाट उद्धार गर्न साँच्चै सहयोगी भएका एक जना कतारी उद्धारकर्ताले एएफपीलाई बताए।

प्रारम्भिक आकलनअनुसार टर्कीएमा ८५ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको छ। झण्डै ७१ अर्ब डलरको भौतिक क्षति आवास क्षेत्रमा भएको छ। एक दशकभन्दा लामो समयदेखि गृहयुद्धले गाँजेको सिरियाको क्षतिको आकलन भइसकेको छैन।


## डाक्नेश्वरी नगरपालिका
## ८ नं.वडा कार्यालय
## गम्हरिया प्रवाहा, सप्तरी

## सुचना । सुचना ॥ सुचना ॥।

उपरोक्त सम्बन्धमा यस डाक्नेश्वरी नगरपालिका वडा नं. ८ गम्हरिया प्रवाहा अन्तर्गत आ.व. २०७९/०८० सालको नगर सभाबाट स्विकृत भएका वडा अर्न्तगतका तपसिल बमोजिमको योजनाहरुको उपभोक्ता तथा कार्यक्रमको निवेदन दर्ता सम्बन्धि सरोकारवालाहरु तपसिलको मिती, स्थान र समयमा आमभेला उपस्थितीको लागी यो सुचना प्रकाशन गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

**तपसिल**

१. भजु पंडितको घरदेखी प्रशुराम पंडितको घरसम्म RCC ढलान कार्य (लागत रकम रु १००००००।-)
 **मिति** : २०७९।११।११
 **समय** : १२:०० बजे
 **स्थान** : डिहबार बाबा मंदिरमा

२. प्रवाहा पछीवारी टोलमा दयाल सिंह मन्दिर निर्माण कार्यको लागत रकम रु २०००००।-
 **मिति** : २०७९।११।११
 **समय** : १२:०० बजे
 **स्थान** : डिहबार बाबा मंदिरमा

३. साविक वडा नं. १ म शनि मन्दिर निर्माण कार्यको लागत रकम रु. ४०००००।-
 **मिति** : २०७९।११।१४
 **समय** : दिनको १२:०० बजे
 **स्थान** : शिव मन्दिर साविक वडा नं. १

४. साविक वडा नं. १ मा रहेको मस्जिद देखि दुखी पंडितको घरसम्म माटो ग्राईभेल कार्य । लागत रकम रु. ७०००००।-
 **मिति** : २०७९।११।१४
 **समय** : दिनको १२:०० बजे
 **स्थान** : शिव मन्दिर साविक वडा नं. १

५. साविक वडा नं. ५ फुलचन खंग घरदेखी रवि खंग घरसम्म RCC ढलान कार्य । लागत रकम रु ११,५००००।-
 **मिति** : २०७९।११।८
 **समय** : दिनको १२:०० बजे
 **स्थान** :

६. अशोक साहको पसलदेखी शरयुग साह घरसम्म माटो ग्राईभेल कार्य लागत रकम रु. ३०००००।- (कोटेशन)
७. साविक वडा नं. १ देखी ९ सम्मको लागी होमपाईप जडान कार्यको लागत रकम रु. ५०००००।- (कोटेशन)
८. मुडा बनाउने सीपमुलक कार्यक्रमको लागत रु २०००००।-
९. युवा तथा युवतीको लागु औषध पदार्थ दुर्व्यसनी विरुद्धको जनचेतनामुलक कार्यक्रमको लागत रकम रु. ३०००००।-
१०. सर्फ बनाउने सिपमुलक तालिम कार्यक्रमको लागत रकम रु. ३०००००।-
११. दहेज प्रथा विरुद्ध जनचेतनामुलक कार्यक्रमको लागत रकम रु. ३०००००।-

***नोट:*** कार्यक्रमको निवेदन दर्ता गर्दा फर्म VAT मा दर्ता हुनु पर्नेछ र नगरपालिकामा सुचिकृत हुनु पर्नेछ । साथै उपभोक्ता बन्ने इच्छुकहरुले आफ्नो सक्कल नागरिकता समेत लिएर आउनु पर्नेछ ।


## विश्व समाचार

### टर्कीए भूकम्पबाट पाँच सय आणविक बमको शक्ति निष्काशित

अङ्कारा, ३ माघ (रासस/सिन्ह्वा)।

टर्कीएका राष्ट्रपति तैयेप एर्दोगानले आफ्नो देशको दक्षिणी प्रान्तमा गत माघ २३ को भूकम्पबाट भएको क्षतिप्रति ऐक्यबद्धता जनाउँदै खोज तथा उद्धारका साथै मानवीय सहायता सामग्री उपलब्ध गराएकामा अन्तर्राष्ट्रिय समुदायप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ।

संयुक्त अरब इमिरेट्सले मङ्गलबार आयोजना गरेको शासनप्रणालीसम्बन्धी विश्व सम्मेलनलाई यहाँबाट अप्रत्यक्षरूपमा सम्बोधन गर्दै राष्ट्रपति एर्दोगानले कठिन परिस्थितिमा विश्व समुदायले प्रकट गरेको ऐक्यबद्धता, उपलब्ध गराएको सहयोग र प्रदर्शन गरेको मैत्रीलाई आफ्नो देशले कहिल्यै नभुल्ने बताउनुभयो।

विश्वका एक सय राष्ट्रबाट आफूलाई ऐक्यबद्धताका सन्देश प्राप्त भएका जानकारी दिँदै उहाँले दुई करोड टर्कीएका नागरिक भूकम्पबाट प्रभावित भएका बताउनुभयो। भूकम्पबाट एक करोड ३५ लाख जनसङ्ख्या भएका देशका १० प्रान्तमा सर्वाधिक क्षति भएको बताउँदै उहाँले राहत सामग्री सङ्कलनमा अहोरात्र खटेका मित्र राष्ट्र र तिनका नागरिकप्रति आभार व्यक्त गर्नुभयो।

टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्यागिनच्युडको भूकम्प र त्यसको केही क्षणपछिको भएको त्यति नै शक्तिशाली अर्को परकम्पमा परी टर्कीए र सिरियामा ४१ हजारभन्दा बढीको मृत्यु भएको छभने दशौं हजार घाइते भएका छन्। दुवै देशमा हजारौं घरबारविहीन भएका छन्।

वैज्ञानिकका अनुसार उक्त भूकम्पबाट पाँच सय वटा आणविक बमले निष्काशन गर्ने ऊर्जा जत्तिकै ऊर्जा निस्कासन भएको थियो।

### न्युजिल्याण्डमा चक्रवातबाट व्यापक क्षति, चार जनाको मृत्यु

वेलिङ्टन, ३ फागुन (रासस/एपी)।

न्युजिल्याण्डमा चक्रवात गेब्रियलबाट व्यापक क्षति भएको छ भने एक बालकसहित चारजनाको मृत्यु भएको छ। चक्रवातबाट उत्तरी टापु अधिक प्रभावित भएको छ।

उत्तरी टापुको हक्सवेबाट तीन सय जनालाई उद्धार गरिएको सुरक्षा अधिकारीहरूले बताएका छन्। जलमग्न घरका छतबाट उनीहरूलाई हेलिकप्टरबाट उद्धार गरिएको हो। चक्रवात क्रमशः कमजोर भएको छ। यद्यपि त्यसबाट करिब दश हजार पाँच सय मानिस विस्थापित भएका छन्।

शक्तिशाली आँधी, मुसलधारे वर्षासँगैको बाढीपहिराले सडक, पुल बगाएको छ भने चौपाया मरेका छन्। खेतखलियान र आवासीय भवनहरू जलमग्न भएका छन्। सरकारले क्षतिको मूल्याङ्कन थालेको जनाएको छ। केही स्थानमा मानिस घरको छतमा बसेर उद्धारको प्रतीक्षा गरिरहेका छन्। एक हजारभन्दा बढी मानिस हराइ रहेका छन्।

चक्रवात प्रभावित अधिकांश स्थानमा वर्षा रोकिए पनि विद्युत् सेवा अवरुद्ध भएको छ। डुवानमा परेका घरबाट पानीको सतह घटिसकेको छैन। रक्षा मन्त्रालयका अधिकारीहरूका अनुसार करिब १५ लाख न्युजिल्याण्डका जनता चक्रवातबाट प्रभावित भएका छन्।

नौ हजारभन्दा बढी विस्थापित भएका छन्। अस्थायी आवासको व्यवस्था मिलाउन युद्धस्तरमा सुरक्षाकर्मी परिचालन भएका छन्। हालसम्म तीन हजार अस्थायी आश्रयस्थल निर्माण गरिएको छ।

चक्रवात प्रभावित ८० हजार घरमा पुनःविद्युत् आपूर्तिको व्यवस्था गरिएको भए पन अझै एक लाख ४० हजार मानिस अँध्यारोमा बस्न बाध्य भएका छन्। अति प्रभावित क्षेत्रका बासिन्दालाई खाद्यान्न र पिउने पानी सञ्चय गर्न अनुरोध गरिएको छ।

रक्षा मन्त्रालयका अनुसार सात सय सुरक्षाकर्मी उद्धारमा खटिएका छन्। चार वटा विमान, सात वटा हेलिकप्टर र दुई वटा जलसेनाका जहाज बाढी पीडितका निम्ति अत्यावश्यक सामग्री आपूर्तिका साथै उद्धारमा परिचालन भएका छन्। देशमा आपत्काल घोषणा गरेर सरकारले विपद् व्यवस्थापन निकायलाई सक्रिय पारेको छ। अर्को सूचना जारी नभएसम्म आफ्ना घरमा नफर्कन मौसम विज्ञान विभागले सुझाएको छ।

### जर्मनीमा विमानस्थल कर्मचारीको हडताल

फ्र्याङ्कफर्ट (जर्मनी), ३ फागुन (रासस/एएफपी)।

तलबभत्ता वृद्धिको माग गर्दै जर्मनीका विमानस्थल कर्मचारीले पर्सी शुक्रबार हडतालको घोषणा गरेका छन्। यहाँको व्यस्त फ्र्याङ्कफर्ट र म्युनिख विमानस्थलसहित सात वटा विमानस्थल उनीहरूले हडताल आह्वान गरेका छन्।

हडतालका कारण दशौं हजार यात्री प्रभावित हुने निश्चित छ भने आन्तरिक उडान पनि रद्द हुने वा विलम्ब हुनेछ। विमान व्यवस्थापनलाई दबाब दिन गरिएको उक्त घोषणाप्रति सम्बन्धित पक्षले कुनै प्रतिक्रिया दिएको छैन। कर्मचारी युनियनका प्रतिनिधि, उययन सुरक्षा कर्मचारी वार्तामा बसेका छन्।

जारी वार्ताबाट परिणाम पनि प्राप्त भएको छैन। कर्मचारी युनियनका प्रतिनिधिले जीवन यापनको लागत बढेको तर आयमा कुनै वृद्धि नभएकाले तलब वृद्धिको माग गर्दै हडतालमा उत्रनु परेको बताएका छन्।।

हडतालबाट ब्रेमेन, डर्टमन्ड, फ्रान्कफर्ट, ह्याम्बर्ग, ह्यानोभर, म्युनिख र स्टटगार्ट सहरका एयरपोर्टमा असर पर्नेछ। यद्यपि भूकम्प प्रभावित टर्की र सिरियामा सहायता पुऱ्याउने उडान प्रभावित नहुने कर्मचारी युनियनका एक सदस्यले बताएका छन्। उनले यात्रीलाई मजदुरका समस्या बुझ्न तथा वैकल्पिक योजना बनाउन अनुरोध गरेका छन्।

बढ्दो बजार मूल्य, ऊर्जा, खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको बढेको मूल्यले आफूहरूलाई अनिश्चयतर्फ धकेलेकाले बाध्य भएर आन्दोलन गर्नुपरेको उनले एक विज्ञाप्ति निकालेर स्पष्ट गरेका छन्।

युनियनले गत महिना बर्लिन ब्रान्डनबर्ग एयरपोर्टमा यस्तै हडताल गरेको थियो। त्यसबेला तीन सय उडान रद्द वा पुनर्तालिका गरिएको थियो।

# नयाँ एसपीको पहिलो प्राथमिकता शान्ति सुरक्षा र दोश्रो चोरी तस्करी नियन्त्रण



**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख नरेन्द्र कुमार कार्कीले शान्ति सुरक्षाको प्रत्याभूति आफ्नो पहिलो प्रथमिकतामा रहेको बताएका छन् ।

प्रहरी प्रमुख भएर भर्खरै जिल्ला आएका उनले बुधबार जिल्ला प्रहरी कार्यालयको सभाकक्षमा संचारकर्मीहरुसित परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरि उनले यस्तो बताएका हुन् ।

शान्ति सुरक्षा पहिलो प्राथमिकतामा राखेकोले यसको प्रत्याभूति दिलाउन चालिने हरेक पाइलामा सबैको सकारात्मक सहयोगको अपेक्षा उनले गरेका छन् । उनले खुला सिमानाको कारण हुने चोरी तस्करी नियन्त्रण आफ्नो दोश्रो प्राथमिकतामा राखेको बताउँदै यसका लागि सीमानाकामा खटिने प्रहरीलाई विशेष निर्देशनसहित परिचालन गरिने र भन्सार छलेर ल्याइएका अवैध सरसामान समात्ने प्रहरीलाई पुरस्कृत गरिने योजना समेत बनाइएको जानकारी दिए ।

जनता र प्रहरीबीच आपसी सम्बन्ध प्रगाढ बनाउन प्रहरीलाई व्यवहारिक ज्ञान समेत दिन लागिएको उनले बताए । उनले सुरक्षित समाज तथा अपराध नियन्त्रणका लागि प्रत्येक पालिकामा सिसि टिभि क्यामरा जडान तथा विद्युतको पहुँच आवश्यक रहेको तर्क दिँदै यसको व्यवस्थापनका लागि संचारकर्मीहरुले समेत सम्बन्धीत पालिका प्रमुखसँग पहल गरिदिन आग्रह गरे ।

संचारकर्मीहरुले सुचनामा पहुँच, पत्रकारहरुको सम्मान र सुरक्षा, चोरी तस्करी, लागु औषध ओसारपोसार, मिटर ब्याजी, विद्यालय आसपास खोलिएका मदिरा पसलमा रोक, ट्राफिक व्यवस्थापन तथा जिल्लामा शान्ति सुरक्षा सुदृढ बनाउने लगायतका विभिन्न विषयमा आ-आफ्ना गुनासा र सुझाव राखेका थिए ।

जवाफमा उनले सुरक्षा सुधार्ने, समयमा सूचना प्रवाह गर्ने तथा समाजमा व्याप्त विभिन्न विकृतीहरु विरुद्ध प्रहरीले सबै सरोकारवालाको सहकार्यमा समुदायमा सचेतना दिने नीति बनाएको बताए । आफू पत्रकारहरुसँग दुरी होइन् निकटता राख्ने र सत्यतथ्य समाचारको स्वागत गर्ने पक्षमा रहेको दृढता व्यक्त गर्दै उनले सप्तरीका पत्रकारहरुबाट पनि त्यसै प्रकारको सहयोग पाउने विश्वास व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंह, इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दिपक राई लगायत संचारकर्मीको उपस्थिति रहेको थियो ।

# तिलाठीका सम्पूर्ण विद्यालयका शिक्षकलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम दिइदै



**दैनिक समाचारदाता**
**राजविराज, ३ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका १७ वटै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा विपद् सम्पर्क शिक्षकहरुलाई सामुदायिक विद्यालयले बनाउने गरेको विद्यालय सुधार योजनामा विपद् व्यवस्थापनका सवालहरुलाई प्रभावकारी रुपमा समावेश गर्न दुई दिने तालिम बुधबारदेखी सञ्चालन गरिएको छ ।

तालिममा विद्यालय सुधार योजना निर्माण सम्बन्धी दक्षता अभिवृद्धि गर्ने, विपद्का सवालहरुको प्रभावकारी रुपमा सम्बोधन गरी समाधानका उपायहरु पहिल्याउने, विद्यालयमा रहेको विपद्को सम्भावित जोखिमहरुको पहिचान गर्ने तथा विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउने गरी प्रभावकारी योजना निर्माण गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिएका छन् ।

युनिसेफको सहयोगमा गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाद्वारा आयोजित तालिममा सामुदायिक विद्यालयहरुले पाँच बर्षको योजनासहित बनाउने गरेको विद्यालय सुधार योजनामा विपद् व्यवस्थापनका योजनाहरुलाई समेत समेट्नु पर्ने भएकोले प्रधानाध्यापक तथा विपद् सम्पर्क शिक्षकलाई तालिम दिइएको जनाइएको छ ।

तालिममा गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा, सुरुङ्गा नगरपालिकाका शिक्षा शाखाका भोगेन्द्र कुमार यादव, युनिसेफका नथुनी मोचीले सहजीकरण गरेका छन् । उक्त अवसरमा युनिसेफका मेघराज मगरले सामाजिक व्यवहार परिवर्तन परिवर्तन सम्बन्धमा सहजीकरण गरेका थिए ।

## चितवन-२ मा ...

रवि लामिछानेको नागरिकता सर्वोच्च अदालतले खारेज गरेसँगै उहाँको सांसद पदपनि खारेज भएको थियो ।

रिक्त पद उपनिर्वाचनबाट पूर्ति गर्नुपर्ने कानुनी व्यवस्था भएकाले आयोगले उपनिर्वाचनका लागि आयोगले तयारी गरेको हो । मङ्सिर ४ मा भएको निर्वाचनमा एक लाख २५ हजार एक सय ६५ मतदातामध्ये ८२ हजार नौ सय ३४ मत खसेको उहाँले जानकारी दिनुभयो । सूचना अधिकारीपुर्जाकाअनुसार माघ ३ देखि २९ सम्म जिल्लामा पाँच सय ९७ जनाले मतदाता नामावलीमा दर्ता गराएका छन् ।

जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा उनीहरूले नामावली दर्ता गराएका हुन् ।आयोगले उपनिर्वाचनको मिति तय गरेसँगै जिल्लामा मतदाता नामावली सङ्कलनको काम रोकिएको छ ।

## नेवि संघ र ...

निर्णय सच्याउन तत्काल केन्द्रिय समितिबाट आवश्यक पहल नगरिए बाध्य भई अर्को बाटो रोज्ने र यसबाट उत्पन्न हुने असहज परिस्थितिको सम्पूर्ण जिम्मेवार केन्द्रिय समिति र जिल्ला समितिको सभापति नै हुने पत्रमा उल्लेख गरिएको छ ।

यता जिल्ला सभापति साहले विधान बमोजिम नै पार्टी भातृ संगठनहरु गठन गरिएको दाबी गरेका छन् ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

सार्वजनिक सेवालाई पारदर्शी बनाऔं ।
➢ सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं ।
➢ सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं ।
➢ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं ।
➢ सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं ।
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np